# सत्यवती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जोहाङ्ग, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

प. सं.: २०७७/०७८
च. नं.: १८११

मिति: २०७८/०१/१७

श्री वडा कार्यालय/सामुदायिक तथा निजी विद्यालय (सबै),
सत्यवती गाउँपालिका, गुल्मी ।

विषयः CCMC बैठकका निर्णयहरु कार्यान्वयन गर्नुहुन ।

सत्यवती गाउँपालिका स्तरीय CCMC को मिति २०७८/०१/१७ गते बसेको बैठकका तपसिलका निर्णयहरु आवश्यक कार्यान्वयनका लागि पठाइएको व्यहोरा अनुरोध छ ।

तपसिलः

निर्णय नं. १ः विश्वव्यापी रुपमा फैलिएको नयाँ भेरियन्ट सहितको कोभिड-१९ का सक्रिय संक्रमित सत्यवती गाउँपालिका वडा नं. ६ मा मिति २०७८/०१/१७ गतेका दिन २ जना व्यक्तिमा पि.सि.आर. तथा एन्टिजेन टेस्ट गर्दा पोजेटिभ देखिएकाले सत्यवती गाउँपालिकाको चेघा र विडौरी स्थानलाई दश दिन सम्म शिल गरी उक्त स्थानमा आवतजावत गर्न सामाजिक दुरी कायम गरी स्वास्थ्य मापदण्ड अपनाएर बस्न अनुरोध गर्ने साथै अब उपरान्त सक्रिय संक्रमण देखिएको स्थान तथा टोललाई संक्रमण फैलिन नदिन अविलम्ब शिल गर्ने निर्णय गरियो ।

निर्णय नं. २ः सत्यवती गाउँपालिकाको वडा नं. १ देखि ८ सम्मका सबै वडामा वडा स्तरिय कोभिड-१९ रोकथाम, व्यवस्थापन, सहजिकरण तथा समन्वय कार्य समूह गठन तपसिल बमोजिम गरने निर्णय गरियो ।

तपसिलः

१) संयोजक- वडा अध्यक्ष
२) सदस्य- स्वास्थ्य संस्था प्रमुख
३) सदस्य- वडा स्तरमा क्रियशिल राजनितिक दल प्रमुख
४) सदस्य- नागरिक समाज
५) सदस्य- महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका
६) सदस्य- वडा सदस्य
७) सदस्य सचिव- वडा सचिव

प्रमुख प्रशासकीय अधिकृत

इमेलः-satyawatigaunpalika@gmail.com फोन नं.-०७९-४११०७६ वेवसाइटः- www.satyawatimun.gov.np
फेसबुक पेजः-https://www.facebook.com/satyawatirmo

# सत्यवती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जोहाङ्ग, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल


प. सं.: २०७७/०७८

च. नं.:

मितिः

निर्णय नं. ३: सत्यवती गाउँपालिका भित्र रहेर व्यपार व्यवसाय गर्ने व्यवसायीहरुले नेपाल सरकारले तोकिएका स्वास्थ्य मापदण्ड अपनाएरमा मात्र आफ्नो व्यवसाय सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४: सत्यवती गाउँपालिका पनि दिनानु दिन कोभिड-१९ का संक्रमित व्यक्तिहरु बढ्दै गएको र केही व्यक्तिहरुको मृत्यु समेत भएको हुँदा वडा स्तरमा रहेका सक्रिय क्लव, क्रियशिल टोल सुधार समिति, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई आफ्नो कार्यक्षेत्र भित्र भारत तथा तेस्रो मुलुकबाट आएका व्यक्तिहरुको निग्रानी तथा तथ्याङ्क राख्ने र होम आईसोलेसनमा बस्नको लागि उत्साहित गर्ने निर्णय गरियो ।

झविश्वर रेग्मी

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत


इमेल:-satyawatigaunpalika@gmail.com फोन नं:-०७९-४११०७६ वेवसाइट:- www.satyawatimun.gov.np

फेसबुक पेज:-https://www.facebook.com/satyawatirmo